# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### न्याय प्रशासन ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : न्याय प्रशासन ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "न्याय प्रशासन (दोस्रो संशोधन) ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. न्याय प्रशासन ऐन, २०४८ को दफा ६ मा संशोधन : न्याय प्रशासन ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को उपदफा (२) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "कुनै खास" भन्ने शब्दहरु राखिएकाछन् ।

३. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएकोछ :-

"(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पुनरावेदन अदालतमा दुईजना न्यायाधीशहरुको संयुक्त इजलासबाट हेरिने मुद्दाको निर्णय गर्दा दुईजना न्यायाधीशहरुका बीच मतैक्य नभएमा दुबै न्यायाधीशहरुको राय सहित सो मुद्दा निर्णयार्थ तेस्रो न्यायाधीश समक्ष पेश गर्नु पर्नेछ । त्यसरी तेस्रो न्यायाधीश समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा तारेखमा रहेका पक्षहरुलाई तारेख तोकी सबै न्यायाधीशहरुको राय सहित सो मुद्दाको मिसिल निर्णयार्थ सर्वोच्च अदालतमा पठाउनु पर्नेछ ।"

६५७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को,-

(१) दफा १६ मा रहेको "कैदमा" भन्ने शब्दको सट्टा "थुनामा" भन्ने शब्द राखिएकोछ ।

(२) दफा १६ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर पाँच वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पूर्पक्षको लागि तारेख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश उपर कानूनी त्रुटी वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिनलाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।"

लालमोहर सदर मिति:- २०५३।८।२६।४

आज्ञाले,

सुरेसमान श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।